# आरुघाट गाउँपालिका

# स्थानीय राजपत्र

भाग-२ खण्ड: ७ संख्या :१

**पारित भएको मिति: २०८२/०५/१९**

**प्रकाशन मितिः २०८२/०५/२०**

# उत्कृष्ट विद्यार्थी, शिक्षक र विद्यालय सम्मान कार्यविधि २०८२

## आरुघाट गाउँपालिका, गोरखा

# "उत्कृष्ट विद्यार्थी, शिक्षक र विद्यालय सम्मान कार्यविधि २०८२"

## १. पृष्ठभूमि

आरुघाट गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाले शिक्षाको गुणस्तर अभिवृद्धि गर्ने, विद्यार्थीहरूलाई अध्ययनमा उत्प्रेरित गर्ने, शिक्षकहरूलाई थप उर्जाशील बनाउने र विद्यालयहरूबीच स्वस्थ प्रतिस्पर्धाको विकास गर्ने उद्देश्यले हरेक वर्ष उत्कृष्ट विद्यार्थी, शिक्षक र विद्यालय सम्मान कार्यक्रम सञ्चालन गर्नका लागि यो कार्यविधि तयार गरिएको हो । यो कार्यविधिले उक्त कार्यक्रमलाई व्यवस्थित र पारदर्शी रूपमा सञ्चालन गर्न आवश्यक मापदण्ड तथा प्रक्रिया निर्धारण गर्दछ।

## २. उद्देश्यहरू

२.१ विद्यार्थीहरूलाई शैक्षिक उत्कृष्टता हासिल गर्न प्रोत्साहित गर्ने,

२.२ शिक्षकहरूलाई शिक्षण पेसामा थप लगनशील, सृजनशील र नतिजामुखी बनाउन उत्प्रेरित गर्ने

२.३ विद्यालयहरूलाई प्रशासनिक व्यवस्थापन र शैक्षिक गुणस्तर सुधार गर्न प्रोत्साहन गर्ने

२.४ गाउँपालिकाभित्रको समग्र शैक्षिक विकासमा टेवा पुऱ्याउने ।

## ३. सम्मानका क्षेत्रहरू

३.१ (क) कक्षा ८, १० र १२ को वार्षिक नतिजाका आधारमा तपिसल बमोजिमका क्षेत्रहरुमा सम्मान गरिनेछ ।

(ख) दफा ३.१(क) मा जुनसुकै कुरा लेखिए तापनि स्थानीय तहबाट वा अन्य आधिकारिक निकायबाट स्तरीकृत परीक्षा सञ्चालन गरेको खण्डमा कक्षा ३ र ५ लाई समेत समावेश गरिनेछ।

३.१.१ तोकिएका कक्षाका विद्यार्थीहरुलाई नतिजाका आधारमा प्रत्येक कक्षाबाट १/१ जना विद्यार्थीलाई सम्मान गरिनेछ।

**३.१.२** तोकिएका कक्षाका विषयगत रुपमा अधिकतम औसत जिपि तथा विषयगत पास प्रतिशत प्राप्त गर्ने १/१ जना शिक्षकलाई सम्मान गरिनेछ।

**३.१.३** प्रशासनिक शैक्षिक वातावरण र नतिजामा उत्कृष्ट ठहरिएको १ विद्यालयलाई सम्मान गरिनेछ।

## ४. छनोटका आधारहरू

### ४.१. उत्कृष्ट विद्यार्थी छनोटका आधार

विद्यार्थीले प्राप्त गरेको अङ्कभार मात्र मुख्य आधार हुनेछ।समान अङ्क प्राप्त गर्ने विद्यार्थीहरूका हकमा समानतालाई आधार मान्न सकिनेछ।

क) गाउँपालिकाभित्रका सामुदायिक विद्यालयहरूमध्ये कक्षा ८ को वार्षिक परीक्षामा अधिकतम **GPA/अङ्क प्राप्त गर्ने** विद्यार्थी

ख) गाउँपालिकाभित्रका सामुदायिक विद्यालयहरूमध्ये माध्यमिक शिक्षा परीक्षा (**SEE**) मा अधिकतम **GPA/अङ्क प्राप्त गर्ने** विद्यार्थी

ग) गाउँपालिकाभित्रका सामुदायिक विद्यालयहरूमध्ये कक्षा १२ को राष्ट्रिय परीक्षा बोर्डको परीक्षामा अधिकतम **GPA/अङ्क प्राप्त गर्ने** विद्यार्थी

४.२ **उत्कृष्ट शिक्षक छनोटका आधार**

तोकिएको कक्षाको वार्षिक नतिजामा सैद्धान्तिक तर्फको परीक्षाको पहिलो नतिजालाई ५० प्रतिशत र परीक्षाको जम्मा पास प्रतिशतलाई ५० प्रतिशत निर्धारण गरी १०० अङ्क मानेर विषयगत अधिकतम औसत अङ्क प्राप्त गरेका १/१ जना शिक्षकलाई उत्कृष्ट शिक्षक छनोट गरिनेछ । तर सम्बन्धित विषयको परीक्षामा परीक्षार्थी संख्या ५ भन्दा कम भएमा त्यस्ता विद्यालयका/विषयका शिक्षकलाई छनोट प्रक्रियामा समावेश गरिने छैन ।

**४.३ उत्कृष्ट विद्यालय छनोटका आधार**

४.३.१ कक्षा ८, १० र १२ को वार्षिक नतिजाको उच्च **उत्तीर्ण प्रतिशत** र **उच्च सिकाइ उपलब्धि** भएक

४.३.२ वार्षिक नतिजामा समग्र विद्यार्थी उत्तीर्ण प्रतिशतलाई ५० प्रतिशत, विद्यालयको जम्मा सिकाइ उपलब्धिलाई ५० प्रतिशत मानी जम्मा १०० प्रतिशतका आधारमा १०० पूर्णाङ्क निर्धारण गरी अधिकतम अङ्क प्राप्त गर्ने १/१ विद्यालयलाई नतिजाका आधारमा कक्षागत रुपमा उत्कृष्ट विद्यालय सम्मान गरिनेछ। तर सम्बन्धित कक्षामा परीक्षार्थी संख्या ५ भन्दा कम भएमा त्यस्ता विद्यालयलाई छनोट प्रक्रियामा समावेश गरिने छैन ।

माथि जुनसुकै कुरा लेखिएतापनि मूल्याङ्कन समितिले प्रशासनिक व्यवस्थापन, विद्यार्थी संख्या, बेरुजु, भौतिक अवस्था लगायतका विषयवस्तु समेत समावेश गरी मूल्याङ्कन गर्न सक्नेछ ।

४.४ प्राविधिक धारतर्फ र संस्थागत विद्यालयतर्फ अन्य प्रतिस्पर्धी संस्था नभएकाले समग्रमा ९० प्रतिशत वा सोभन्दा माथि विद्यार्थी उत्तीर्ण गराएमा विद्यालयलाई सम्मान गरिनेछ ।

## ५. छनोट प्रक्रिया

### ५.१ सूचना प्रकाशन

आरुघाट गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाले प्रत्येक वर्ष तोकिएको समयसीमाभित्र उत्कृष्ट विद्यार्थी, शिक्षक र विद्यालय छनोट प्रयोजनार्थ विवरण विद्यालयहरूबाट माग गर्नेछ।

### ५.२ विवरण सङ्कलन

विद्यालयहरूले तोकिएको ढाँचामा विद्यार्थीको नतिजा, शिक्षकको विवरण र विद्यालयको समग्र प्रोफाइल तयार गरी शिक्षा शाखामा पेस गर्नुपर्नेछ।

### ५.३ मूल्याङ्कन समिति

गाउँ शिक्षा समितिका अध्यक्षको संयोजकत्वमा कम्तीमा ५ सदस्यीय एक मूल्याङ्कन समिति गठन गरिनेछ। जसमा प्रमुख प्रशासकीय अधिकृत, सामाजिक विकास समिति संयोजक, शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख र शिक्षा समितिका अध्यक्षले मनोनित गरेका १ जना सदस्य समावेश हुन सक्नेछन्।

### ५.४ मूल्याङ्कन र सिफारिस

मूल्याङ्कन समितिले प्राप्त विवरणहरूको अध्ययन, विश्लेषण र आवश्यकता अनुसार स्थलगत अनुगमन गरी कार्यविधिमा तोकिएका मापदण्डका आधारमा उत्कृष्ट विद्यार्थी, शिक्षक र विद्यालय छनोट गरी शिक्षा, युवा तथा खेलकुद शाखा मार्फत् सम्मानित हुनेको नाम दाबी विरोधका लागि सार्वजनिक गर्नेछ। दाबी विरोध आएमा उक्त विषयमा पुनरावलोकन गरी समितिले अन्तिम निर्णय गर्नेछ ।

## ६. सम्मान र पुरस्कार

सम्मानित हुने विद्यार्थी, शिक्षक र विद्यालयलाई निम्न बमोजिम सम्मान गरिनेछ ।

**६.१ उत्कृष्ट विद्यार्थीः** सम्मान पत्र र मेडल

**६.२ उत्कृष्ट शिक्षकः** सम्मान पत्र र मेडल

**६.३ उत्कृष्ट विद्यालयः** सम्मान पत्र र ट्रफी

पुरस्कारको राशि प्रत्येक वर्ष गाउँपालिकाको बजेट तथा निर्णयानुसार निर्धारण गरिनेछ।

**७. कार्यक्रम सञ्चालन**

(क) यो कार्यक्रम प्रत्येक शैक्षिक सत्रको वार्षिक नतिजा प्रकाशन पश्चात् कार्यालयउपयुक्त समयमा सञ्चालन गरिनेछ।

(ख) कार्यक्रम सञ्चालनको सम्पूर्ण व्यवस्थापन आरुघाट गाउँपालिका शिक्षा, युवा तथा खेलकुद शाखाले गर्नेछ

**८. कार्यविधि संशोधन**

यस कार्यविधिमा आवश्यकता अनुसार गाउँ कार्यपालिकाले संशोधन गर्न सक्नेछ।

आज्ञाले,
प्रमुख प्रशासकिय अधिकृत